हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०२ अंक : १४४ पृष्ठ : ४ २०७८ माघ १६ गते आइतबार (Sunday 30 Jan. 2022) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




# खाने पानीको आयोजना बन्न थालेपछि स्थानीय खुशी, स्थानीयको नमूना श्रमदान



गोलबजार, १५ माघ। सिरहाको गोलबजार नपा १० को घुर्मिघाट र धर्मपुरमा खानेपानीको आयोजना बन्ने भएपछि स्थानियहरुखुशीले गदगद भएका छन्। खाने पानीको अभाव भेलिरहेका यहाँका जनता गोरखा बेलफेयर ट्रष्ट र स्थानीय जनश्रमदानमा एक करोड ६० लखभन्दा बढीको लागतमा खाने पानीको आयोजना बन्न थालेपछि स्थानीय खुसि भएका हुन्।

घुर्मीघाट देउराली खानेपानी उपभोक्ता समितिमार्फत ९७ घरधुरीकालागि ७५ लाख ७२ हजार एक सय ३५ रुपैयाँ र धर्मपुर खानेपानी उपभोक्ता समितिमार्फत १ सय पाचँ घरधुीकालागी ८४ लाख ६७ हजार ८ सय ४९ रुपैयाँको लागतमा खानेपानी आयोजना निर्माण गरिएको गोलबजार नगरपालिकाका मेयर देवनाथ साहले जानकारी दिए।

उनले गोरखा बेलफेयर ट्रष्ट नेपाल व्रिटिस संस्थाले नगरपालिकासँगको समन्वयमा करिव दुइसय भन्दाबढी घरधुरीलाई ँएक घर एक धारा योजना सहितको कार्य अगाडी बडाएको जनाए। उनले यहाँ यो योजना आईपुग्नुको संयोग सुनाए। उनले दुईवर्ष अघि नाकको उपचारको क्रममा धरान गएका वेला त्यही संस्थाका प्रमुखसङ्क होटलमा खानाखाने क्रममा चिनजानभएपछि आफूले आफ्नो नगरपालिकामा निम्तो गरेको बताए। उनलेभने, 'होटलमै चिनजान भयो, उहाँले पनि हामी शुद्धपीउने पानीको क्षेत्रमा काम गर्ने बताए, मैलेपनि त्यही आफ्नो पालिकामा निम्तो गरें, नभन्दै उहाँ आउनु भयो, नगरसँग सम्भौता भयो र आज काम पनि सुरु भएको छ।'

यो योजनाले यसक्षेत्रका जनताले ठूलो राहत महसुस गरेको पनि मेयर साहले सुनाए। मंसिर २९ बाट सुरुगरेर ७० दिनमा योजना सम्पन्न गर्ने टार्गेटको साथ काम भईरहेको आयोजनाका सुपरभाईजर सवइन्जिनियर आशिष चौधरीले बताए। उनले अहिले सम्म सवैघरहरुमा धारा निर्माणको काम सम्पन्न भईसकेको बताए। अव धर्मपुरमा ओभरहेड ट्याङ्क र बोडिङ्क जडाको कामबाँकी रहेको बताए। घुर्मिघाटका धैरै योजनाहरु सम्पन्न भईसकेकोले अव फिनिसिङ्क र वायरिङ्कको काम बाँकी रहेको सवइन्जिनियर चौधरीले बताए। उनले अहिलेसम्ममा ४० प्रतिशत काम पुरा भएको जनाए।

उनले यो योजनाले आगामी २० वर्षसम्म यहाँको जनसमूदायलाई पानी आपुर्तिगर्न सक्नेगरी डिजाईन गरेको सवइन्जिनियर चौधरीले सुनाए। टाढा टाढाका इनार र खोला खोल्सीको पानीले जीविका धानीरहेका यहाँका बासिन्दाले खाने पानीको आयोजना बन्ने भएपछि दैनिक रुपमा श्रमदान गरिरहेको धर्मपुर मगरटोल खानेपानि उपभोक्ता समितिका अध्यक्षहरु राजन बलम्पाकीले जनाए। उनले भन्ने, धर्मपुर र घुर्मीघाटको योजनामा संस्थाको तर्फबाट दुइटा योजनाकोलागी करिव १ करोड ५५

–बाँकी तीन पेजमा




# सविधान अनुसार उपनिर्वाचन गराउन नसक्नु सत्ता गठबन्धनको असक्षमता हो : प्रभु साह

रौतहट, १५ माघ। नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा पूर्व मन्त्री प्रभु साहले संविधान अनुसार उपनिर्वाचन गराउन नसक्नु सरकार र पाँच दलीय गठबन्धनको असक्षमता रहेको बताएका छन्। मधेस प्रदेशको धनुषा जिल्लामा पुगेका नेता साहले विभिन्न पालिकामा पार्टी नेताकार्यकर्तासंग भेटघाट गर्दै यस्तो बताएका हुन्।

संविधान अनुसार प्रतिनिधिसभा र प्रदेशसभामा रिक्त रहेको ठाउँमा ६ महिनाभित्र उपनिर्वाचन गराउनुपर्ने हो। तर, सरकार र निर्वाचन आयोगमा रहेकाहरु संविधान अनुसार उपनिर्वाचन गराउन नसक्ने असक्षमहरुको जमात भएको टिप्पणी उनले गरेका छन्। 'माओवादी केन्द्रका अध्यक्ष कमरेड प्रचण्डले जुन संविधान र कानूनको हावाला दिँदै सांसदलाई कारबाही गरे। सोही संविधान र कानुन अनुसार ६ महिनाभित्रमा उपनिर्वाचन गराउन डराएका छन्। सरकार र निर्वाचन आयोगका पदाधिकारी उपनिर्वाचन नगराउने षडयन्त्रमा लागेका छन्' साहले भने।

संविधान र कानूनको रक्षा गर्ने भन्नेहरु नै किन सोही संविधान र कानून अनुसार उपनिर्वाचन गराउँन नसकेका हुन् ? सरकार र निर्वाचन आयोगमा भएका पदाधिकारीले जनताको अधिकार खोसेको बताउँदै उनले ति ठाउँमा पुरै आपराधिहरुकै हालीमुहाली भएको टिप्पणी गरेका छन्। 'सरकार र निर्वाचन आयोगमा पुरै आपराधिहरुको हालीमुहाली छ। कानुन अनुसार उपनिर्वाचन गरेर जनताको अधिकार सुरक्षित

–बाँकी अन्तिम पेजमा

# मधेश प्रदेश : मधेशले जित्यो, मूलवासीले जित्न बाँकी छ

‘देर होता है, अन्धेर नहीं’

यो भनाइ मधेशमा निकै प्रसिद्ध छ। यो एउटा आशावादले ओतप्रोत रहेको भनाइ पनि हो। यतिबेला मधेशले यो भनाइलाई ढिलै भए पनि पुष्टि गरिदिएको छ– मधेश प्रदेश बनाएर। तर, पुस्तौंदेखि हेपिएका किनारीकृत मूलवासी मधेशीहरूले भने हारेका छन्। उनीहरूको पुस्तौंदेखिको पहिचान स्थापित हुनसकेको छैन। यसलाई कसरी स्थापित गर्ने भन्ने बारेको बहस पनि शुरु भएको छ।

इतिहास, खोज अनुसन्धान र विचार विश्लेषणबाट विद्वानहरूको परिभाषानुसार मधेश एउटा भूगोल/क्षेत्र हो भने यहाँका विविधतायुक्त बहुपहिचान मधेशी पहिचान हो। एकमुष्ट रूपमा मधेशले बहुमतका साथ जुन मधेश प्रदेश नामकरण गरेका छन्, त्यो रूप पक्षमा ठीकै हो।

तर यहाँका विविधतायुक्त बहुपहिचानलाई सम्बोधन नगरे भोलिका दिनमा यिनै विषयले एउटा फरक संघर्षको स्वरूप ग्रहण गर्ने निश्चित छ। यस अर्थमा अहिले प्रदेश–२ को नाम ‘मधेश प्रदेश’ राखेर मधेशले जितेको छ भने यहाँका वास्तविक रैथाने मूलवासी मधेशीहरूले हारेका छन्।

प्रदेश–२ सरकारले निकै रस्साकस्सी पछि दर्जनौं नामलाई पन्छाएर ढिलै भए पनि बहुमतका साथ एकमुष्ट रूपमा ‘मधेश प्रदेश’ नामाङ्कन गरेर आफ्नो क्षेत्रीय पहिचान स्थापित गर्न सफल भएको छ। तर, यो विजय भने पूर्ण प्राप्ति होइन। किनभने मधेशमा मधेश भन्दा पुरानो प्राचीन इतिहास बोकेका राजा सलहेश, दिनाभद्री त्यसपछि मिथिला, भोजपुरा, अवधी, थारु आदि थुप्रैको आफ्नो फरक खालको पहिचान छ।

यहाँ दर्जनौं जातीय, धार्मिक, सांस्कृतिक सम्प्रदायहरू छन्। उनीहरूको आफ्नै इतिहास छ। जसलाई संरक्षण गर्ने दायित्व सरकारको नै हो। जसको उत्खनन र संरक्षण जरुरी छ। सबै जातजातिको आ–आफ्नो पहिचानलाई मजबूत पार्न सकियो र यसभित्र रहेका विभेद र उत्पीडनको अन्त्य गर्न सकियो भने मात्र मधेश प्रदेशको सार्थकता रहन्छ।

नेपालभित्रको मधेश आफैँमा जातीय हिसाबले बहुपहिचान भएको क्षेत्र (भूमि) हो। वर्गीय, लैङ्गिक हिसाबले देखिने अन्तरविरोधहरू त अझ विकराल रूपमा छँदैछन्। प्रदेश सरकारले ३ माघ, २०७८ मा मतदान मार्फत घोषणा गरेको मधेश प्रदेश र यसको राजधानीका विषयमा फरक मत राख्नेहरूको संख्या पनि ठूलै छ। यसबाट मधेशको भौगोलिक पहिचान अधुरो रहेको विश्लेषण अहिले भइरहेको छ। प्रदेश सरकारले वैधानिक ढंगले २२ जिल्लालाई मधेश प्रदेशमा समेट्न सकेन। र, भविष्यमा समेट्ने गरी संघर्षको संकल्प पनि गर्न सकेन।

प्रदेशको नाम र राजधानी टुंगो लगाउँदैमा मधेशी जनताको समस्या समाधान भयो भन्ने होइन। यो त केवल मधेशी शासक वर्ग र जातिहरूको लागि एउटा सिंहदरबार मात्र थपिएको हो। यसमा टेकेर बाँकी कार्यभार यो सरकारले पूरा गर्न सक्छ कि सक्दैन ? मुख्य प्रश्न यहाँ छ।

यहाँ बसोबास गर्ने अन्य भूगोल र पहिचानका समुदायको अधिकारलाई कसरी सम्बोधन गर्ने ? यो पनि ठूलो विषय हो। यसले भोलि कस्तो खालको मधेश प्रदेशको सन्देश दिने हो ? हेर्न बाँकी छ। कुनै पनि चिज प्राप्त गर्न संघर्षको जरुरी पर्छ। आज पाएको मधेश प्रदेशको पहिचान संघर्षकै परिणाम हो। तर, यो अपूर्णताको विषयमा यो एकलौटी मधेशीको नेतृत्वमा रहेको सरकारले भने कुनै ठोस निर्णय लिन किन सकेन ? भनिन्छ नि ‘दालमे कुछ काला है’ यो अवस्था किन फेरि सिर्जना भयो। यसको अन्त्य कसले गर्ने ? भोलि यसले अर्को मधेश विद्रोह जन्माउने त होइन भन्ने पनि संशय जन्माएको छ।

जे होस्, पुस्तौंदेखि हेपिएको, चेपिएको र अपहेलित दर्जा दिएको मधेशी (मर्सिया, धोती) शब्दले वैधानिक पूर्णता पाएको छ। यसको वरिपरि बस्ने सबै समुदाय मधेशी पहिचानले अब आफूलाई स्थापित गर्ने भएको छ। तर, यहाँको मिथिला, भोजपुरा, अवधी आदिलाई यसभित्र कसरी अटाउने भने प्रश्न जन्मिरहनेछ।

अहिले पनि सरकारी समावेशी कोटामा मधेशीको नाममा यहाँ बसोबास गरेका सम्पूर्ण जात र समुदायलाई मधेशीको सिफारिश दिनुभन्दा यहाँका निश्चित शासक जातिहरूलाई मात्र दिइरहेका छन्। यसले मधेशका अरु जाति र समुदाय होइनन् भने राज्यबोध गराएको छ। जसको अन्त्यका ठोस नीति तर्जुमा गर्न जरुरी छ। उनीहरूलाई केही समय अगाडि जातिको अगाडि मधेशी थपेर जसरी सिफारिश दिइन्थ्यो। त्यसरी नै कि त दिनुपर्यो। नभए यो मधेश प्रदेश यहाँ बसोबास गर्ने बहुसंख्यक मधेशीहरूको लागि सम्बोधन हुन सक्दैन।

मधेश भूगोल हो भने यहाँ बसोबास गर्ने समुदायका मानिसहरू किन मधेशीमा गणना हुँदैनन् ? मधेश प्रदेशभित्र बसोबास गर्ने पिछडिएका गरीब मजदूर, किसान, दलित तथा सीमान्तकृत समुदायले मधेश प्रदेश भनेर गर्व गर्न सक्ने खालको, उनीहरूले पनि अपनत्वबोध गर्ने खालको नीतिहरू तर्जुमा नगर्ने हो भने यो भूगोलभित्र बर्षौंदेखि शोषण, विभेद र उत्पीडनमा पर्दै आएका वर्ग र समुदायका लागि फेरि पनि विद्रोह निर्विकल्प बन्ने स्थिति आउँछ। त्यस्तो नहोस्। सम्बन्धित पक्षको बेलैमा ध्यान जाओस्।

अनलाइनखबरबाट



प्रदेशको नाम र राजधानी टुंगो लगाउँदैमा मधेशी जनताको समस्या समाधान भयो भन्ने होइन। यहाँ बसोबास गर्ने अन्य भूगोल र पहिचानका समुदायको अधिकारलाई कसरी सम्बोधन गर्ने ? यो पनि ठूलो विषय हो। यसले भोलि कस्तो खालको मधेश प्रदेशको सन्देश दिने हो ? हेर्न बाँकी छ।

राजेश विद्रोही

## पर्साको जनसंख्या ६ लाख ४९ हजार

पर्सा, १५ माघ। राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार पर्साको जनसंख्या ६ लाख ४९ हजार ३९७ पुगेको छ। राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार मधेस प्रदेशको पर्साको जनसंख्या पछिल्लो१० वर्षको अवधिमा जम्मा ४८ हजारले वृद्धि भएको देखिएको छ। यसअघि २०६८ सालको जनगणनाअनुसार जिल्लाको जनसंख्या ६ लाख एक हजार १७ रहेको थियो। जिल्लामा ०.७४ प्रतिशतको दरले जनसंख्या वृद्धि भएको तथ्यांकले देखाएको छ।

जिल्लामा महिलाको जनसंख्यामा कमी आएको छ। मुलुकभर महिलाको संख्या बढेपनि पर्सामा महिलाको जनसंख्या कम रहेको छ। पर्सामा पुरुषको संख्या तीन लाख ३४ हजार ९१९ तथा महिलाको संख्या तीन लाख १४ हजार ४७८ रहेको छ। पुरुषभन्दा महिलाको जनसंख्या २० हजार ४४१ कम रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदनमा वीरगञ्ज महानगरपालिकाको दुई लाख ७८ हजार २७३ जनसंख्या रहेको छ। महानगरमा एक लाख ३९ हजार ८४२ पुरुष र एक लाख ३८ हजार ४२४ महिला छन्। महानगरपालिकामा ४७ हजार २१८ परिवारको बसोबास रहेको तथ्यांकले देखाएको छ।

तथ्यांक अनुसार कालिकामाई गाउँपालिकामा २३ हजार ४७०, ठोरी गाउँपालिकामा १७ हजार ४९४, पकाहामैनपुर गाउँपालिकामा २२ हजार ९५७, धोबिनी गाउँपालिकामा २२ हजार ७४६ तथा छिपहरमाई गाउँपालिकामा २६ हजार ७४२ जनसंख्या छ।

–बाँकी अन्तिम पेजमा

## जनकपुरधाममा न्यूरो सर्जरी सेवा सुरु




जनकपुरधाम, १५ माघ। मधेश प्रदेशको राजधानी जनकपुरधाममा न्यूरो सर्जरी सेवाको विस्तार भएको छ। जनकपुरधामको काव्या अस्पतालले समेत न्यूरो सर्जरीको सेवा दिने भएको छ। शनिवार पत्रकार सम्मेलनको आयोजना गर्दै अस्पतालका सञ्चालक डा. एस.के. सिंहले न्यूरो सर्जरीका लागि आवश्यक प्रविधिहरु पुरा भईसकेकोले औपचारिक रुपमा सेवा सुरु गरिएको जानकारी दिए। उनले वीरगंज पश्चात जनकपुरधाममा न्यूरो सर्जरी गर्ने काव्या दोस्रो अस्पताल रहेको दावी समेत गरे।

अस्पतालले न्यूरो सर्जरी सेवा सञ्चालनका लागि न्यूरो सर्जन डा. हेमन्त कुमार साहको नेतृत्वमा टिम बनाएको छ। यस विभागमा डा. साहको मातहतमा अन्य सर्जन डाक्टरहरु समेत रहने सिंहले जानकारी दिए। अस्पताल छिट्टै अन्य नयाँ सेवाहरु समेत सञ्चालनको तयारीमा रहेको उनले बताए। उनले प्रत्येक दिन न्यूरो सर्जरीको ओपिडी सेवा सञ्चालन हुने बताए। डा सिंहले यसक्षेत्रका जनताका लागि काव्या अस्पताल सुरुदेखि नै नयाँ सेवाहरु सञ्चालन गर्दै आएको बताउँदै अस्पताल न्यूरो सर्जरी सेवा सञ्चालन गर्ने मधेस प्रदेशकै दोस्रो अस्पताल रहेको बताए। सिंहले जनकपुरधाम क्षेत्रका लागि अस्पतालले निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिरहेको बताए। उनले काव्या अस्पताल महगो रहेको कुरालाई अस्विकार गर्दै गरीब, विपन्नहरुलाई आफ्नो अस्पतालले निरन्तर छुट गर्दै आईरहेको दावी गरेका छन्।

# कहाँ रोकियो भारतबाट आउने मल ?

काठमाडौं, १५ माघ। नेपालले हरेक वर्ष मलको अभाव झेल्दै आएको हो। तर यो वर्ष हाहाकार नै भएको छ। सरकारसँग अहिले मलको मौज्दात नै छैन। उता, मल आयात गर्ने निकाय कृषि सामग्री कम्पनी लिमिटेडका प्रमुखसहित चारजना भ्रष्टाचारको आरोपमा निलम्बित छन्। जसले मलका लागि हुने सबै गतिविधिहरू ठप्प छन्।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय के गर्ने, के नगर्ने भन्नेमा अलमलमा छ। भारतबाट डेढ लाख मेट्रिक टन मल खरिद गरी तत्काल गर्जो टार्ने सोच मन्त्रालयले बनाएको थियो। त्यसका जीटुजी सम्झौता पत्रमा हस्ताक्षर गर्न सबै तयारी पुरा भएको थियो।

पुस २९ गते प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमणमा गएको बेला त्यसमा हस्ताक्षर गर्ने पनि तय भइसकेको थियो। हस्ताक्षरका लागि कृषि मन्त्रालयका सचिव डा.गोविन्द शर्मा प्रधानमन्त्री देउवासँगै भारत जाने तयारीमा थिए। तर अचानक प्रधानमन्त्री देउवाको भ्रमण स्थगित भएपछि मल खरिद गर्ने जीटुजी सम्झौतामा पनि ब्रेक लाग्यो।

पछि भर्चुअल छलफल गरेर सम्झौता पत्रमा हस्ताक्षर गर्ने पनि तय भयो। यसका लागि कृषि मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत नेपालस्थित भारतीय दूतावाससँग छलफल पनि गर्‍यो। कृषि मन्त्रालयका एक जना सहसचिवका अनुसार दूतावास पनि त्यसका लागि सकारात्मक नै थियो। भर्चुअल भए पनि सम्झौता पत्रमा हस्ताक्षर गर्ने सहमति बन्यो। त्यसका लागि नेपालबाट दिनुपर्ने सबै डकुमेन्ट (कागजात) भारत पठाइसकेको छ तर भारतबाट आउनुपर्ने दस्तावेज अझै आइपुगेको छैन।

कृषिमन्त्री महिन्द्र राय यादवले भारतसँग जीटुजी प्रणालीबाट मल खरिद गर्न हस्ताक्षरका लागि पहल गर्न प्रधानमन्त्री देउवालाई आफूले पटकपटक सम्झाएको बताए। ‘प्रधानमन्त्री देउवाले हुन्छ, म कुरा गर्छु मात्र भन्नुभएको छ, तर अझै प्रक्रिया अगाडि बढेको छैन,’ मन्त्री यादवले भने, ‘भारतसँग कति छिटो हस्ताक्षर हुन्छ, त्यो प्रधानमन्त्रीको हातमा छ।’

मन्त्रीको तहबाट भन्ने प्रधानमन्त्रीलाई नै हो। तर खासमा यो परराष्ट्र मन्त्रालयबाट दूतावासमार्फत हुने काम हो। दूतावाससम्म सबै प्रक्रिया पुगिसकेको तर यसमा भारतीय पक्षले नै चासो नदेखाएको कृषि मन्त्रालयको अधिकारीहरूको दाबी छ। कृषि मन्त्रालयका ती सहसचिवले आफूहरूले पटक–पटक दूतावासलाई सम्पर्क गरिरहेको तर आजभोलि भन्दै टार्दै आइरहेको बताए। उताबाट हस्ताक्षर गरेको डकुमेन्ट मेल गरेपछि भर्चुअल माध्यममार्फत त्यसलाई आदानप्रदान गरी सम्झौता पत्रमा हस्ताक्षर हुन मात्र बाँकी हुँदा भारतले आनाकानी गरेको कारण ढिलाइ भइरहेको उनले बताए।

नेपालमा किसानले मल नपाएर आन्दोलन गरिरहेको जानकारी भारतलाई हुँदा पनि मलका लागि सम्झौता गर्न ढिलाइ गरिरहेको कृषि मन्त्रालयका अधिकारीको बुझाइरहेको छ। वर्षको डेढ लाख रासायनिक मल दिने, त्यसमा वर्षेपिच्छे १० प्रतिशतले वृद्धि गर्दै जाने सहमति भएको थियो। तर सम्झौता पत्रमा हस्ताक्षर नभएपछि कुनै काम अगाडि नबढेको मन्त्रालयको भनाइ छ। ‘मल नदिने हो भने भारतले प्रष्ट रूपमा भन्नुपर्छ’, कृषि मन्त्रालयका ती अधिकारीले भने, ‘नत्र आश मात्र देखाउनु हुन्न।’

सुरुमा वार्षिक पाँचलाख मेट्रिक टन मल दिने सहमति भएको थियो। तर सहमतिमा हस्ताक्षर नहुँदै कोरोना महामारी सुरु भएपछि त्यसलाई घटाउन भन्यो। त्यसपछि वार्षिक तीन लाख दिने सहमति भयो। यसका कृषि मन्त्रालयबाट सचिवको नेतृत्वमा एउटा टोली भारत गएर छलफल गरेर आएको थियो। मल दिने सम्झौता पत्रमा हस्ताक्षर गर्ने सहमति भएको थियो। त्यसका लागि दुवै देशको बीचमा पत्र आदानप्रदान पनि भयो। तर पछि त्यो तीन लाख पनि नदिने कुरा आयो। भारतीय पक्षले आफूहरूसँगै मलको अभाव रहेको कारण वार्षिक तीन लाख मेट्रिक टन मल दिन नसकिने मौखिक जानकारी दिएको थियो। त्यसपछि मन्त्रालय फेरि अलमलमा पर्‍यो।

यता, कोरोनाका कारण मलको अभाव दिनदिनै बढी रहेको थियो। जीटुजीमार्फत अरु देशबाट पनि मल खरिद गर्ने प्रक्रिया कृषि मन्त्रालयले सुरु गर्‍यो। तर सकारात्मक प्रतिक्रिया कतैबाट आएन। चीनले कोरोनाको बाहानमा एक लाख मेट्रिक टन मल उतै रोकेर राख्यो। कृषि मन्त्रालयका ती सहसचिवले भने, 'अन्तर्राष्ट्रिय रूपमा भइरहेको मूल्यवृद्धिका कारण टेण्डर धमाधम रद्द भइरहेको थियो। मल आयात भइरहेको थिएन, त्यसपछि कृषि मन्त्री भएर आउनु भएका महिन्द्रराय यादवले भारतसँग मल खरिद गर्ने पहल सुरु गर्नुभयो। सकारात्मक कुराहरू आउन थाल्यो। कुराकानी हुँदै गएपछि भारतले वार्षिक डेढ लाख मेट्रिक टन मल मात्र दिने सहमति जनायो। तर अहिले हस्ताक्षरमा फेरि कुरा अड्कियो।'

# प्रदेश राज्य मन्त्रीद्वारा आन्दोलनका घाइतेलाई १ लाख सहयोग

रौतहट, १५ माघ। मधेस प्रदेश सरकारका कृषि राज्यमन्त्री योगेन्द्र यादवले मधेस आन्दोलनको क्रममा प्रहरीको गोली लागि घाइते भएका रौतहट राजदेवी नगरपालिका–५ पताही निवासी रणवीर सिंहलाई एक लाख रुपैयाँ सहयोग गरेका छन्।

मधेस सरकारको तर्फबाट राज्यमन्त्री योगेन्द्र यादव सिंहको घरमै पुगेर एक लाखको चेक हस्तान्तरण गरेका हुन्। सो क्रममा जसपा केन्द्रीय सदस्य रेवन्त झाको पनि सहभागिता रहेको थियो। सात वर्षअघि रौतहट सदरमुकाम गौरबाट जिल्लाको विभिन्न भागमा सेवा केन्द्र स्थापनाको विरोध गर्दै भएको आन्दोलनको क्रममा प्रहरीको गोली लागेर गम्भीर घाइते भएका रणवीर सिंहको अवस्था निकै कमजोर छ।

सरकारको निर्णय अनुसार सदरमुकामबाट मालपोत कार्यालय र नापी कार्यालयको सेवा केन्द्र सार्ने गरेको निर्णयको विरुद्धमा तत्कालीन ८ दलीय गठबन्धन संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको आन्दोलनको क्रममा २०७१ साल असार महिनामा गौर नगरपालिका ९ स्थित बरहवा पुल नजिक प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा सिंहको पेट र हातमा ३ वटा गोली लागेको थियो।

मुलुकमा संघियता आउनुभन्दा पहिला भएको आन्दोलनमा प्रहरीको गोलीबाट घाइते भएका तत्कालीन हजमिनिया गाविस हाल राजदेवी नगरपालिका –५ पताही निवासी ३० वर्षीय रणवीर सिंह बिगत ७ वर्षदेखि आर्थिक अभावका कारण उपचार गराउन नसकेका कारण घरमै थल्ला परेका छन्।

श्रीमती र २ सन्तान रहेको सिंहको उपचारको अभावमा घरमा छटपटिएर जीवनमरणको दोसाधमा पुगेको अवस्थामा प्रदेश सरकार को प्रदेश सभाको मुख्य गेटमा गएर आत्महत्या गर्ने चेतावनी दिएका थिए।

## खाने पानीको...

लाख भन्दाबढीरकम व्यहोरेको छ भन्ने स्थानीय लाभग्राहीहरुले ३२ लाख भन्दाबढी मुल्य बराबरको श्रमदान गरीरहेको आयोजनाका सुपरभाईजर सवइन्जिनियर आशिष चौधरीले बताए।

पूर्व पश्चिम राजमार्गदेखि करिव ६ किलोमिटर उत्तरमा घुर्मिघाटका ९७ घरधुरी र धर्मपुरका एक सय ५ घरधुरीका लागि छुट्टाछुट्टै योजना बनिरहका छन्। याहाँ मधेसी, दलित , जनजाति लगायतका वस्ति रहेको छ। उनीहरुले अहिले घर घरमै धारा पुग्ने भएपछि दिनरात श्रमदान गरिरहेका छन्। दैनिक आवश्यकताको आधारमा १५ देखि २५ जना सम्म स्थानियले श्रमदान गरिरहेको स्थानिय सुक बहादुर थापाले जानकारी दिए। उनका अनुसार केही प्राविधिक बाहेक सवै काम स्थानीयले श्रमदानमार्फत गरिहेका बताए।

स्थानीय लाभग्राहीहरुको भरपुर सहयोगका कारण छोटो समयमा योजना सम्पन्न हुनलागेको स्थानिय अगुवा तथा नेता भक्त बहादुर थापा मगरले बताए। उनले भने, 'धेरै ठाउँमा योजना परेर पनि स्थानीयलाई चाँसो हुँदैन तर यहाँ दिन रात हामी स्थानीयहरु योजना सफल बनाउन लागिरहेका छौ, त्यसैले पनि यो योजना चाँडो सकिन लागेको हो। खाने पानी आयोजनाको लागि धुर्मिघाट र धर्मपुर मगरटोलमा २० हजार लिटर क्षमताको ओभरहेड ट्यांक निर्माण गरिएको छ। सिरहाको उत्तरवर्ति चुरेसँग जोडिएका लहान, धनगढीमाई नपा, गोलबजार नपा, मिर्चैया नपा तथा कर्जन्हा नपाका वासिन्दा अझैपनि खानेपानीको समस्या झेलिरहेका छन्।

# महोत्तरीमा ७० प्रतिशत मुद्दा फर्छ्यौट हुन बाँकी

महोत्तरी, १५ माघ। जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कात्तिक, मंसिर र पुस महिनामा एक ९८ वटा मुद्दा दायर भएका छन्। विभिन्न शीर्षकमा कात्तिकमा ५४ वटा, मंसिरमा ६७ र पुसमा ७७ वटा गरी एक ९८ वटा मुद्दा दर्ता भएको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार एक ९८ मुद्दाका लागि एक सय ४९ जना अनुसन्धानका लागि पत्राउ परेका थिए। जसमध्ये २५ जनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने ७३ जनालाई धरौटीमा छाडिएको छ। तीन जना नाबालक भएको कारण अभिभावकको जिम्मा लगाएको, एक जनालाई बाल सुधार गृहमा लगिएको, ४७ जनालाई अनुसन्धानको क्रममा राखिएको र एक जना फैसला भएपछि फरार रहेको कार्यालयका प्रवक्ता प्रकाश विष्टले जानकारी दिए।

एकसय ९८ वटा मुद्दामध्ये अहिलेसम्म एक जनालाई फैसलापछि एक वर्ष एक महिना जेल सजाय र एक लाख १६ हजार जरिवाना गर्ने आदेशअनुसार कारवाही भैरहेको प्रवक्ता विष्टको भनाइ छ। प्रहरी कार्यालयमा दर्ता भएका मुद्दामध्ये धेरैजसो लागुऔषध ओसारपसार तथा कारोबार कसुर र सार्वजनिक शान्ति सुरक्षासम्बन्धी कसुरका मुद्दा छन्। यो तीन महिनामा लागुऔषध ओसारपसार तथा कारोबारका ३० वटा मुद्दा छन् भने २८ वटा सार्वजनिक शान्ति सुरक्षा विरुद्धको कसुरमा मुद्दा दायर भएको प्रहरीको तथ्यांक छ। जबर्जस्ती करणी, शरीर बन्धकलगायत गम्भीर प्रकृतिका नौ वटा मुद्दासमेत दर्ता भएका छन् तर पर्याप्त प्रमाणका अभावमा कुनैपनि मुद्दा निष्कर्षमा पुग्न सकेका छैनन्। प्रहरी कार्यालयमा मुद्दा हाल्ने तर पीडितले न्याय नपाउने अवस्थाले महोत्तरीमा सर्वसाधारण अचेल कम मुद्दा लिएर जाने गरेको जानकारहरू बताउँछन्। मुद्दाको प्रकृति हेरेर प्रहरीले पर्याप्त प्रमाण बटुली पीडितलाई न्याय दिलाउन तत्काल लागि पर्नुपर्ने भएतापनि जिल्लामा कमै मुद्दा मात्र फर्छ्यौट भएको प्रहरीकै तथ्यांकले देखाएको छ। जिल्लामा दर्ता भएका एक सय ९८ वटा मुद्दामध्ये अहिलेसम्म ९४ वटा मात्र फर्छ्यौट भएको छ भने एकसय चार वटा मुद्दा अझै बाँकी छन्। कतिपय मुद्दा त दबाबका कारण प्रहरीले बहाना बनाएर लिनै नमान्ने गरेको पनि गुनासो छ।


## गाउँबासीमा अनुरोध

- जन्म, मृत्यु, विवाह जस्ता घटना ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं।
- विकास निर्माणका काम उपभोक्ता समिति मार्फत् जनसहभागितामा समयमै सम्पन्न गरेर फछ्र्यौट गरौं अर्थात् विकास निर्माण काममा विलम्व नगरौं।
- कृषि पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सृजनामा टेवा पुऱ्याउ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पढाऔं।
- बाझो जमिनमा बोट विरुवा लगाऔं।
- सीप सिकौं स्वालम्वी बनौं।
- भुकम्प प्रतिरोध संरचना निर्माण गरौं।
- हिंसा मुक्त परिवार हामी सबैको सरोकार।
- पिउने पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने गरौं।
- बालविवाह रोकौं छोराछोरीको भविष्य अधिकारमा नपारौं।
- आर्थिक घर आँगन सफा राखौं।

अनुरोधकर्ता

बरियारपट्टी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा

मधेश प्रदेश (नेपाल)


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३–५६५४६८ |
| | ९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# बरियारपट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बरियारपट्टी, सिरहा**

**मधेश प्रदेश (नेपाल)**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०७८।१०।१६ गते**

यस बरियारपट्टी गाउँपालिकाको आ.व. २०७८/०७९ मा तपसिल बमोजिमका कार्य सिलबन्दी दरभाउपत्र द्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त मुल्य अभिवृद्धि करमा दर्ता भएका आयकर तिरेको नविकरण तथा अद्यावधिक भएको फर्म/कम्पनीहरबाट उल्लेखित शर्तहरुमा रहि (E-Bid only) शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । शिलबन्दी दरभाउपत्र www.bolpatra.gov.np/egp मार्फत खरिद गर्न सकिन्छ। शिलबन्दी दरभाउपत्र submit गर्ने अन्तिम मिति : २०७८/११/०२ गते समय अपरान्ह १२:०० बजे सम्म र सोहि दिनको २:०० बजे शिल्बन्दी दरभाउपत्र खुल्ने व्यहोरा समेत यसै सुचना मार्फत सरोकारबालामा जानकारी गराईन्छ।

**तपसिल :**

| सि नं. | ठेक्का नं. | कामको विवरण | कार्यान्वयन स्थान | लागत अनुमान रकम रु.( मु.अ.क. सहित र कन्टिनजेन्सी बाहेक) | बोलपत्र फारम दस्तुर | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | BRM/re/33/2078/079 | अधुरो समुदायिक भवन निर्माण बडहरी बार्डर | बडहरी बोडर वडा नं. १ | ९७३८५४१६ | १०००/- | २६०००/- |
| २ | BRM/re/34/2078/079 | समुदायिक भवन निर्माण जिभौल उत्तरपट्टी चौतारा नजिक | जिभौल उत्तरपट्टी चौतारा नजिक | ९७३४२६।४५ | १०००/- | २६०००/- |

**नि.प्रमुख प्रशासकिय अधिकृत**
**बरियारपट्टी गाउँपालिका, सिरहा**

### संविधान अनुसार...

गर्नुपर्छ। जनताले आफ्नो स्वविवेक प्रयोग गरेर आफ्नो प्रतिनिधि चुन्न पाउँनुपर्छ। तर यि आपराधिहरु उपनिर्वाचनबाट डराएका छन, त्यसैले उपनिर्वाचन गराउँदैनन उनीहरु' साहले भने।

मधेस प्रदेशको धनुषा जिल्लाको विदेह नगरपालिका, धनुषाधाम नगरपालिका, शहीद नगरपालिका, कमला नगरपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका लगायतका बिभिन्न पालिकाका बिभिन्न गाउँबस्तीमा पुगेर साहले एमाले नेताकार्यकर्तासंग भेटघाट गरेका छन्।

### पर्साको जनसंख्या...

यसैगरी, पटेर्वासुगौली गाउँपालिकामा २५ हजार ५०८, जगरनाथपुर गाउँपालिकामा ३२ हजार सात, बिन्ध्यवासिनी गाउँपालिकामा २४ हजार ४६६, जीराभवानी गाउँपालिकामा २२ हजार ६०२, सखुवाप्रसौनी गाउँपालिकामा ३५ हजार ७१२, पोखरिया नगरपालिकामा ३८ हजार ९८५, पर्सागढी नगरपालिकामा ४१ हजार ४७७ तथा बहुदरमाई नगरपालिकाको ४३ हजार ७८० जनसंख्या छ।


## निःशुल्क 4G सिम वितरण
घरदैलो कार्यक्रम

### सुविधाहरु

१. यस सिममा रु १० ब्यालेन्स, ६० MB डाटा, ४० मिनेट भ्वाइस र २० वटा SMS को सुविधा रहेको।

Rs १० MAIN BALANCE | ६० MB DATA | ४० Mins VOICE CALLS | २० SMS MESSAGES

२. सिम एक्टिभ भएको मितिले ६ महिना सम्म हरेक दिन १० मिनेट (नेपाल टेलिकम नेटवर्क भित्र) सित्तैमा कुराकानी गर्ने सुविधा रहेको।

३. एक वर्ष सम्म गरिने रिचार्जमा पाईने बोनसहरु:

| क्र.नं. | रिचार्ज रकम | बोनस | समयावधि |
|---|---|---|---|
| १. | रु.५० देखि रु ९९ सम्म | १०० मिनेट NT नेटवर्क भित्र + २० मिनेट NT नेटवर्क बाहिर | ३ दिन |
| २. | रु.१०० वा सो भन्दा माथि | ३०० मिनेट NT नेटवर्क भित्र + ३० मिनेट NT नेटवर्क बाहिर | ३ दिन |

४. विशेष प्याकेज खरिद गर्नका लागि *१४१७# डायल गर्नुहोस् ।

नियमित अफरका लागि *१४१५# डायल गर्नुहोस्।

सिमको पैसा तिर्न नपर्ने।

Download NT APP

twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
Instagram.com/nepaltelecomofficial

App Store | Google play

राष्ट्रको सञ्चार
नेपाल टेलिकम

www.ntc.net.np


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**






लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, **सल्लाहकार सम्पादक** : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी**
**कार्यालय :**लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)